मोतीदेवी श्रेष्ठ

# प्रेरणादायी अगुवा



जन्म : वि. सं. १९७०/७२ तिर
मृत्यु : वि. सं. २०५४ जेठ ७

नेपालको कम्युनिस्ट आन्दोलनलाई आजको अवस्थामा ल्याइपुऱ्याउन हजारौं योद्धाहरूले योगदान दिएका छन्। हिजो औँलामा गन्न सकिने अगुवाहरूबाट सुरु भएको कम्युनिस्ट आन्दोलन आज अनेक धारामा विभाजित भए पनि देशभरिका लाखौँलाख जनता यही आन्दोलनको वरिपरि गोलबन्द छन्। पाँच जनाले प्रवासमा स्थापना गरेको नेपाल कम्युनिस्ट पार्टीको अगुवाइमा नेपाली जनताको सामाजिक मुक्ति र राजनीतिक परिवर्तनको झन्डा अझै बुलन्द छ। पुष्पलालको नेतृत्वमा यसको सुरुवात गर्ने पाँच संस्थापकमध्ये एक हुनुहुन्थ्यो- मोतीदेवी अर्थात् दुर्गादेवी श्रेष्ठ। नेपाल कम्युनिस्ट पार्टीको स्थापनामा आधा आकाश-आधा धर्ती ओगट्ने महिलाहरूको प्रतिनिधित्व गर्ने गौरवशाली अवसर मोतीदेवीले पाउनुभएको थियो। मोतीदेवीले देखाएको अदम्य साहस र अठोटको सराहना गर्दै संस्थापक महासचिव पुष्पलालले उहाँको नाम दुर्गादेवी राखिदिनुभएको थियो।

मोतीदेवीलाई नेकपाको संस्थापक मान्ने/नमान्नेबारे कम्युनिस्ट पार्टीका संस्थापकहरूले नै कतिपय सन्दर्भहरूमा विवाद निकालेको पाइन्छ। खासगरी संस्थापक महासचिव पुष्पलालसँग मतान्तर बढ्दै गएपछि उनीहरूले २०१६ सालतिर यो कुरा उछालेको पाइन्छ। तर नेकपाका संस्थापक महासचिव पुष्पलाल स्वयम्ले भ्रम निवारण गरेर मोतीदेवी पनि संस्थापक भएको कुरा इतिहासमा लेखिसक्नुभएको छ। *नेपालमा कम्युनिस्ट आन्दोलनको संक्षिप्त इतिहास* नामक पुस्तकमा पुष्पलालले लेख्नुभएको छ- "यसबीच उपत्यका र पूर्व-पश्चिमका केही क्रान्तिकारी साथीहरूसँग भेटघाट र कुराकानी भएकै थियो। साथीहरूको राय पार्टी गठनको पक्षमै थियो। त्यसपछि २२ अप्रिल, १९४९ का दिन कोलकाताको श्यामबजार इलाकाको २८ नवीन सरकार लेनमा बैठक बस्यो। त्यस बैठकमा पुष्पलाल, निरञ्जनगोविन्द वैद्य, नारायणविलास जोशी र नरबहादुर कर्माचार्य जम्मा चार जना थिए। त्यसैबीच काठमाडौँबाट दुर्गादेवी पनि आइपुगेकी हुनाले तिनलाई पनि संस्थापक सदस्यका रूपमा लिने कुरा भएअनुसार पार्टी सङ्गठन समितिमा थपियो।

.....नारायणविलास र दुर्गादेवीलाई काठमाडौँ उपत्यकाको जिम्मा दिइयो। नरबहादुरलाई विराटनगर-जोगवनीमा मजदुरबीच काम गर्ने जिम्मा दिइयो।"

मोतीदेवी एक सोझी र सामान्य महिला हुनुहुन्थ्यो। उहाँसँग कुनै औपचारिक पढाइ-लेखाइ थिएन। तर पनि उहाँसँग दुनियाँलाई नै चकित पार्ने एउटा शक्ति थियो, त्यो हो- अदम्य साहस। राणाकालीन बन्द र अँध्यारो समाजमा नेपाली समाजको मौनता चिर्दै मोतीदेवी पैदल भारत पुग्नुभएको थियो। खुट्टामा बिझेका काँडा र चुहिएको रगतको पर्वाह नगर्दै कम्युनिस्ट पार्टीको सम्पर्कमा उहाँ जसरी भारत पुग्नुभयो, त्यो नै त्यतिबेला समाजप्रतिको ऐतिहासिक विद्रोह थियो। अध्ययन र त्यसले निर्माण गर्ने उन्नतस्तरको चेतना भइदिएको भए त्यस्तो ऐतिहासिक योद्धा मुलुकको राजनीतिक क्षितिजमा कहिल्यै नबिलाउने नक्षत्र बन्नुहुन्थ्यो होला। तर, उहाँका जे सीमा र बाध्यताहरू थिए, तिनीहरूभित्रै बसेर पनि उहाँले जुन किसिमको स्थान बनाउनुभयो, अहिलेको पुस्ताका लागि त्यो नै प्रेरणादायी, अनुकरणीय र ग्रहणकारी पाठ हो।

मोतीदेवी एकाएक कुनै आकस्मिकताका कारण कम्युनिस्ट पार्टीको संस्थापक बन्नुभएको होइन। ००४ सालदेखि नै उहाँको कम्युनिस्ट व्यक्तिहरूसँग सरसम्पर्क र सम्बन्ध थियो। गङ्गालाल हलुवाई, जुजुभाइ जोशीजस्ता कम्युनिस्टलाई मोतीदेवीले वासस्थल र ममता दिनुभएको थियो। पछि गङ्गालाल हलुवाईसँग लागेर उहाँ भारत पुग्नुभएको थियो। भारत पुग्दाको चित्रण गर्दै ०४७ सालमा अष्टलक्ष्मी शाक्य र कमला अमात्यलाई दिएको एक अन्तर्वार्तामा उहाँले भन्नुभएको थियो- "किसान (ज्यापू) को भेषमा चितवनको जङ्गलैजङ्गल हिँडेर भारतको बडाबजारमा पुग्यौँ। त्यहाँ पुष्पलालसँग भेट भयो। जङ्गलको बाटो हिँड्दा मेरा पाइतालामा घोचेका काँडा एक महिनासम्म झिकिरहेँ।" भारत जानुपूर्वको भूमिकाबारे सोधिएको प्रश्नमा मोतीदेवीको जवाफ थियो- "००४ सालदेखि मैले साथीहरू लुकाउने, हेरविचार गर्ने काम गरेँ। चिट्ठीपत्र बोक्ने, पुऱ्याउने काम गरेँ। जेलमा परेका साथीहरूलाई

अन्डामा कुराहरू लेखेर पठाउने काम गरें। पुष्पलाललाई मैले धेरै सहयोग गरेकी छु।"

कम्युनिस्ट पार्टीको संस्थापक सदस्य बन्दाको सन्दर्भलाई मोतीदेवीले यसरी सम्भिmनुभएको थियो- "कोलकाताको श्यामबजारमा मिटिङ भएको थियो। मिटिङमा के कुरा मिलेन, झगडा पऱ्यो। गङ्गालाल मिटिङ कोठाबाट बाहिर आउनुभयो। गङ्गालालसँगसँगै पुष्पलाल पनि मिटिङ कोठाबाट बाहिर आउनुभयो। के कुरा मिलेन, गङ्गालाल रिसाउनुभयो, कमिटीमा बस्नुभएन। त्यसपछि पुष्पलालले मलाई 'तपाईं पनि कमिटीमा बस्नुपर्छ। तपाईं पनि संस्थापक सदस्य बन्नुभयो' भन्नुभयो। मैले मानिनँ। मेरो हैसियत पनि छैन, म पढेलेखेकी पनि छैन। म सक्दिनँ पनि, म बस्दिनँ भनें। तर, उहाँले मान्नुभएन। 'दुःख, कष्ट गरेर यहाँसम्म आइपुग्नुभएको छ, अब कम्युनिस्ट पार्टीमा काम गर्नुपर्छ' भन्नुभयो। कमिटी बनाउन पाँच जना चाहिने रहेछ। त्यसपछि पुष्पलाल, म, नरबहादुर कर्माचार्य, नारायणविलास जोशी र निरञ्जनगोविन्द वैद्य भएर पाँच जनाको नेपाल कम्युनिस्ट पार्टी बनाएका थियौं।"

८०-८२ वर्षभन्दा लामो समयको उहाँको व्यक्तिगत जीवन निकै निरस र कारुणिक रह्यो। परित्यक्ता नेपाली नारीले जस्तो कष्ट र कहर सहनुपर्छ, मोतीदेवी पनि त्यसको अपवाद हुनुभएन। एकिन जन्ममिति नपाइए पनि पाटनको कुम्भेश्वरस्थित डोकमा विक्रम सम्वत् १९७०-७२ तिर उहाँको जन्म भएको थियो। बुबा कृष्णलाल श्रेष्ठ र आमा लक्ष्मीकुमारी श्रेष्ठकी तीन छोरीमध्ये मोतीदेवी कान्छी हुनुहुन्थ्यो। आमाबुबाको माया, प्रेम र वात्सल्यमा बाल्यकाल पूरै भुक्तान हुन नपाउँदै त्यतिबेलाको चलनअनुसार उहाँको १३ वर्षको उमेरमा ललितपुर छःबहालका सिद्धिलाल श्रेष्ठसँग विवाह भयो। छःबहालमा राम फर्मा औषधि पसल राखेर बसेका उहाँका श्रीमान्की पहिली श्रीमतीले छोडेर माइती बस्न थालेपछि मोतीदेवीसँग उनले विवाह गरेका थिए। मोतीदेवीको कोखबाट दुई छोरी जन्मे तर उचित स्याहारसम्भारको

अभावमा दुवै जीवित रहन सकेनन्। त्यसपछि पहिलेकै जेठी श्रीमती घरमा आएर बस्ने भइन्। हक्की र स्वाभिमानी स्वभावकी मोतीदेवीलाई दोस्री श्रीमतीका रूपमा त्यहाँ बसिरहन मन लागेन र उहाँ सदाका लागि त्यो घर छाडेर जन्मघर नै फर्किनुभयो।

एकातिर उहाँको घरबार बिग्रेको थियो भने अर्कातिर उहाँको सम्पर्क राजनीतिक व्यक्तिहरूसँग थियो। यसले गर्दा उहाँले झनै जटिलता बेहोर्नुपर्‍यो। तत्कालीन बन्द, अन्धविश्वासी र नारीलाई मानिसको रूपमा व्यवहार नगर्ने समाजलाई मोतीदेवीले दिएको चुनौती देखेर कतिपयले उनलाई 'छाडा आइमाई' र 'वेश्या' जस्ता घृणित आरोप पनि लगाए। तर, मोतीदेवीको मोतीजस्तो मन त्यस्ता आधारहीन र मनगढन्ते आरोपबाट डराएन। अहिले पनि सामाजिक-राजनीतिक रूपमा सक्रिय महिलाप्रति अनेकौं आरोप लगाउने विडम्बना विद्यमान छ भने कल्पना गरौं, त्यतिबेला मोतीदेवीले के आरोप मात्र खेप्नुपरेन होला ?

मोतीदेवीको बाँकी जीवन ललितपुरको तफालोस्थित टहरोमा बित्यो। निम्नस्तरको रहनसहन र खानपानमा बाँचेकी मोतीदेवीले कहिले काँक्रो त कहिले अम्बा खाएर पनि जीवन धान्नुभयो। उहाँको मिजास कडा र हक्की थियो भने आफूलाई मन नलागेको कुरा राख्न उहाँ कसैसँग पनि डराउनुहुन्नथ्यो। मोतीदेवीको पारिवारिक स्थिति निकै दयनीय थियो। खानपुग्ने मध्यमवर्गीय परिवारमा जन्मे पनि उहाँले जीवनभर अनेक दुःख, कष्ट, अपमान र पीडा भोग्नुपर्‍यो। सामाजिक पछौटेपनको सिकार भइरहेको तत्कालीन नेपाली समाजको सिकार मोतीदेवी बन्नुभयो। विक्रम सम्वत् १९९० मा श्रीमान्सँग छुट्टिएपछिको उहाँको एक्लो जीवनमा कुनै सहाराबिना नै जीवन चलाउनु चानचुने कुरा थिएन। भरपर्दो पेसा, व्यवसाय र आम्दानीको अभावमा मोतीदेवीले जसरी जीवन निर्वाह गर्नुपर्‍यो, नभोग्दासम्म त्यसको अनुभूति सायदै कसैले गर्न सक्ला।

साहित्यकार मेक्सिम गोर्कीको विश्वप्रसिद्ध उपन्यास *आमा* की प्रमुख पात्र छन्, पेलागया निलोभ्ना अर्थात् आमा। उनको औपचारिक अध्ययन छैन। पेलागयासँग सुरुमा कुनै उन्नत चेतना हुँदैन। तर, पछि

उनी सम्पूर्ण रुसी मजदुरकी आमाका रूपमा प्रख्यात् हुन्छिन्। छोरा पावेल भ्लासोभलगायत उनका साथीहरूले गरेको काम राम्रो हो भन्ने आधारमा आमाले आफूलाई सम्पूर्ण रूपमा आन्दोलनमा समर्पित गर्छिन्। मोतीदेवीले पनि सम्पर्कमा आएका कम्युनिस्टहरू असल हुन् र यिनीहरूले गरेका काम राम्रा हुन्छन् भन्ने आधारमा आफूलाई कम्युनिस्ट पार्टीमा समर्पित गर्नुभएको पाइन्छ। ०१४ सालमा काङ्ग्रेसले सुरु गरेको सत्याग्रहमा पलेटी कसेर भाग लिंदा मोतीदेवीलाई विश्वेश्वरप्रसाद कोइरालाले 'क्रान्तिकी आमा' को संज्ञा दिएको मोतीदेवीले आफ्नो अन्तर्वार्तामा उल्लेख गर्नुभएको थियो।

छिन्नभिन्न र विभाजित कम्युनिस्ट पार्टीका कुनै घटकले पञ्चायतकालभरि मोतीदेवीलाई सम्झन सकेनन्। सायद भूमिगतकालमा मोतीदेवीको उपादेयता नदेखेर पनि होला, उनीहरूको ध्यान मोतीदेवीतर्फ आकर्षित हुनसकेन। ०४७ सालमा तत्कालीन नेकपा (माले) ले मोतीदेवीको खोजी गर्‍यो। चौतर्फी विफलता, तिरस्कार र अपमान भोग्नुपरेपछि वाक्क हुनुभएकी मोतीदेवीले पहिला त सम्पर्कमा आउन पनि रुचाउनुभएन। तर, अनेमसङ्घकी तत्कालीन महासचिव अष्टलक्ष्मी शाक्य र कोषाध्यक्ष कमला अमात्यको निरन्तरको प्रयासले उहाँ पुनः पार्टीको सम्पर्कमा आउनुभयो। पार्टीले गुमनाम भइसक्नुभएकी, इतिहासको कुनै भासमा हराइसक्नुभएकी र राजनीतिक दृश्यबाट ओझेलमा परिसक्नुभएकी मोतीदेवीलाई पुनः जनसमक्ष ल्यायो। उहाँको ऐतिहासिक योगदानको कदर गर्दै कैयौं सार्वजनिक मञ्चहरूमा मोतीदेवीलाई अभिनन्दन गरियो। उहाँको जीविकाको समस्या टार्न पनि पार्टीले सक्दो सहयोग गर्‍यो। पछिल्ला दिनहरूमा मोतीदेवी पार्टी गतिविधिहरूमा पनि क्रमशः सक्रिय हुनुभयो। अनेमसङ्घका सभा-सम्मेलनहरूमा मोतीदेवीको उपस्थिति बाक्लै देखिन थाल्यो। आखिर ऐतिहासिक कालखण्डमा ऐतिहासिक भूमिका खेलेर पनि गुमनाम हुनुभएकी मोतीदेवी नेपाल कम्युनिस्ट पार्टीकी संस्थापक हुनुहुन्छ भन्ने कुरा अहिलेको नेपाली पुस्ताले त्यही पछिल्लो अवधिमा थाहा पाएको हो। उहाँको निधनपछि उहाँको योगदानलाई पछिल्लो पुस्ताका लागि ताजा बनाउन 'मोतीदेवी स्मृति केन्द्र' स्थापना

भएको छ। नेपाली कम्युनिस्ट आन्दोलनमा उहाँले पुऱ्याउनुभएको योगदानलाई एकत्रित गरेर केन्द्रले *मोतीदेवी स्मारिका* प्रकाशन गरेको छ।

मोतीदेवी कुनै महान् विचारक, सङ्गठक वा वक्ता हुनुहुन्नथ्यो। आजको स्थितिमा उभिएर हेर्दा कतिपयलाई उहाँ केही नलाग्न पनि सक्नुहुन्छ। तर, आजभन्दा ५६ वर्षअघिको धरातलमा उभिएर हेर्ने हो भने मोतीदेवीको उचाइ नेपाली सङ्गठित राजनीतिमा सबैभन्दा उच्च, जाज्वल्यमान र अमर रहेको सजिलै पाउन सकिन्छ। अहिले राजनीतिमा सक्रिय नेपाली महिलाले मोतीदेवीको सङ्घर्षशील र उतारचढावयुक्त जीवनबाट धेरै सिक्नुपर्छ। ०५४ जेठ ७ गते उपचार गर्दागर्दै सदाका लागि यस धर्तीबाट बिदा लिनुभएकी मोतीदेवी नेपालको कम्युनिस्ट आन्दोलनकी ऐतिहासिक स्तम्भ हुनुहुन्छ भन्दा अत्युक्ति नहोला।

◆